# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक ३१६ | काठमाडौं | शुक्रबार, ३ चैत २०७९ | Prabhab National Daily | Friday, March 17, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



- सूचना प्राप्त गर्दा आधिकारिक माध्यमबाट प्राप्त गरौं ।
- भ्रमपूर्ण र मिथ्या सूचनाबाट भ्रमित नहोऔं ।
- सूचना प्रवाह गर्दा तथ्यजाँच गरी सही सूचना प्रवाह गरौं ।
- अनधिकृत रूपमा सूचना प्रयोग नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## नेपाल विश्वकप छनोटमा




- 'डकवर्थ लुइस' नियमको आधारमा युएईमाथि नौ रनको जित
- कुशल भुर्तेल, भीम सार्की, गुलसन झा र आरिफ शेखको अर्धशतकीय योगदान
- ३६ खेलबाट ४० अंक जोडेको नेपाल नामिबियालाई पछि पार्दै विश्वकप छनोटमा
- लिग-२ अन्तर्गतका १२ खेलमध्ये ११ मा जित

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** आइसिसी पुरुष विश्वकप क्रिकेट लिग-२ अन्तर्गत त्रिदेशीय एकदिवसीय शृंखलाको अन्तिम सिरिज क्लिनस्वीप गर्दै नेपाल विश्वकप छनोटमा प्रवेश गरेको छ । बिहीबार लिगको अन्तिम खेलमा युनाइटेड अरब इमिरेट्स (युएई)लाई हराउँदै नेपालले विश्वकप छनोटको यात्रा तय गरेको हो ।

तीन महिनापछि जिम्बाबेमा आयोजना हुने छनोटका लागि जित्नैपर्ने बाध्यताका साथ मैदानमा उत्रिएको नेपालले युएईलाई खराब प्रकाशको कारण 'डकवर्थ लुइस' नियमका आधारमा नौ रनले हराएर उक्त यात्रा तय गरेको हो । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बिहीबार भएको खेलमा नेपाली बलरविरुद्ध युएईका ब्याट्सम्यान हाबी भएपछि नेपालले कीर्तिमानी ३११ रनको लक्ष्य पाएको थियो । युएईले टस जितेर दिएको विशाल लक्ष्यसहित जवाफी ब्याटिङमा उत्रेको नेपालका लागि गुलसन झाको एक ओभर नै 'टर्निङ प्वाइन्ट' बन्यो ।

खेल रोकिनुअघि नेपालले ४४ ओभरमा छ विकेट गुमाएर २६९ रन बनाएको थियो । नेपालका लागि कुशल भुर्तेल, आरिफ शेख, भीम सार्की र गुलसन झाले अर्धशतकीय इनिङ्स खेले । कुशलले ५० रन बनाए भने आरिफले ५२ रन तथा भीमले ६७ रनको योगदान दिए । गुलसन ५० रनमा अविजित रहे ।

नेपालको जितका लागि गुलसनले ४२औं ओभरमा जोडेको २० रन नै अमूल्य सावित भयो । उनले युएईका कप्तानले बलिङ गरेको उक्त ओभरमा एक छक्का र तीन चौकासहित २० रन बनाएका थिए ।

त्यसैगरी कप्तान रोहित पौडेल १६ रनमा आउट हुँदा कुशल मल्लले पाँच रन जोडे । दीपेन्द्रसिंह ऐरी १० रनमा अविजित रहे । युएईका जुनेद सिद्दिकीले तीन विकेट लिए । त्यस्तै आयान अफजल खानले दुई तथा जाहोर खानले एक विकेट झारे ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको युएईले निर्धारित ५० (बाँकी पृष्ठ २ मा)

# उपराष्ट्रपतिमा तीन प्रतिस्पर्धी



रामसहायप्रसाद यादव

- मधेसी जनताको अधिकारसँगै पहिचानको आन्दोलनमा योगदान
- गजेन्द्रनारायण सिंह नेतृत्वको नेपाल सद्भावना पार्टीबाट राजनीति सुरु
- पहिलो संविधानसभामा समानुपातिक सभासद, प्रतिनिधिसभा निर्वाचन २०७४ मा बारा-२ बाट निर्वाचित
- पूर्ववन तथा वातावरणमन्त्री



अष्टलक्ष्मी शाक्य

- नेपाली कम्युनिस्ट आन्दोलनको वरिष्ठ महिला नेतृ
- पहिलो महिला मुख्यमन्त्री
- एमाले उपाध्यक्ष
- २०३५ सालमा घर छाडेर कम्युनिस्ट आन्दोलनमा पूर्णकालिन
- २०५६ को प्रतिनिसभा निर्वाचनमा निर्वाचित
- दोस्रो संविधानसभा निर्वाचन २०७० मा निर्वाचित
- दुईपटक संघीय सरकारको मन्त्री
- राजनीतिमा संघर्षशील महिला नेतृ



ममता झा

- पूर्वकानुन व्यवसायी
- साझा प्रकाशनकी पूर्वअध्यक्ष
- जनमतबाट समानुपातिक सांसद

### कसको मतभार कति

**सत्ता गठबन्धन (३१,५६७)**
- नेपाली कांग्रेसः १६,०१५
- नेकपा माओवादी केन्द्रः ७,६४९
- नेकपा एकीकृत समाजवादीः २,५५७
- जनता समाजवादी पार्टीः २,०६६
- जनमत पार्टीः १२४२
- लोसपा : ९७१
- नागरिक उन्मुक्ति पार्टीः ८१३
- राष्ट्रिय जनमोर्चाः २०६
- नेपाल संघीय समाजवादीः ४८

**नेकपा एमाले - १५,३१२**

**अन्य**
- राप्रपाः २,४५० (तटस्थ)
- रास्वपाः १,५८० (निर्णय हुन बाँकी)
- नेमकिपाः २२३ (तटस्थ)
- हाम्रो नेपाली पार्टीः ९६
- स्वतन्त्र सांसदः १०५०

**कूल मतभारः ५२,४७०**

**निर्वाचित हुन आवश्यक मतभारः २६,२३५**

**मतदाताः**
राष्ट्रियसभाः ५९, प्रतिनिधिसभाः २७१, प्रदेशसभाः ५५०
**कूल मतदाताः ८८०**

(रामचन्द्र पौडेल राष्ट्रपति निर्वाचित, रवि लामिछाने पदमुक्त, सहनाज रहमानको निधन र टेकबहादुर गुरूङ निलम्बित)

■ **जेबी योञ्जन**

काठमाडौं– देशको दोस्रो सर्वोच्च पद उपराष्ट्रपतिको निर्वाचन आज हुँदै छ । उपराष्ट्रपति हुन चार जनाको उम्मेदवारी परे पनि प्रतिस्पर्धामा तीन जनामात्रै छन् । गठबन्धनबाट जनता समाजवादी पार्टी (जसपा)का रामसहायप्रसाद यादव र जनमत पार्टीकी ममता झा उम्मेदवार छन् । नेकपा एमालेबाट अष्टलक्ष्मी शाक्य उम्मेदवार छिन् । गठबन्धनकै दल जसपाबाट उम्मेदवारी दिएकी प्रमिला कुमारीले भने आफ्नो उम्मेदवारी निस्क्रिय पार्दै यादवलाई समर्थन गरेकी छन् ।

यादवलाई उनको दल जसपासँगै प्रतिनिधिसभाको ठूलो दल नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टीलगायतको समर्थन छ । झालाई भने उनको दल जनमत र गठबन्धनकै दुई साना घटकहरू लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र नागरिक उन्मुक्ति पार्टीको समर्थन छ ।

गठबन्धन दलका नेताहरूले एक जना मात्रै उम्मेदवार बनाउन कोसिस त गरे तर सम्भव भएन । नभएकै कारण दुई उम्मेदवारसहित गठबन्धन निर्वाचनमा गएको हो । गठबन्धनमा १० दल छन् । प्रभु साह नेतृत्वको आम जनता पार्टीले यादव कि झालाई समर्थन गर्ने भन्ने खुलेको छैन ।

र, दुई जना उम्मेदवार गठबन्धनकै हुँदा राष्ट्रपति निर्वाचनमा जसरी जित निकाल्न सहज छैन । २५ फागुनमा गठबन्धनका एकल उम्मेदवार रामचन्द्र पौडेलले एमाले उम्मेदवार सुवासचन्द्र नेम्बाङलाई दोब्बरभन्दा बढी मतान्तरले पराजित गरेका थिए । तर, गठबन्धनमा यादव र झा उम्मेदवार हुँदा भने पहिलो चरणबाटै उपराष्ट्रपति निर्वाचित हुने (बाँकी पृष्ठ ३ मा)

सन्दर्भ : वैदेशिक रोजगार

# आप्रवासी कामदारलाई क्षतिपूर्ति दिन फिफामाथि दबाब

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** फिफा विश्वकप-२०२२ आयोजनाको दौरान कतारले आप्रवासी कामदारमाथि चर्को शोषण गरेको र क्षतिपूर्ति दिनुपर्ने कुरा पुनः उठेको छ । श्रम शोषणमा परेका आप्रवासी कामदारहरूलाई क्षतिपूर्ति उपलब्ध गराउन अन्तर्राष्ट्रिय अधिकारवादी संस्थाले फुटबलको सर्वोच्च निकाय फिफामाथि दबाब बढाएको हो ।

ह्युमन राइट्स वाचले रुवाण्डामा बिहीबार फिफाको ७३औं सम्मेलन सञ्चालन हुनुअघि एक विज्ञप्ति जारी गर्दै श्रम शोषणमा परेका आप्रवासी कामदारलाई क्षतिपूर्ति दिलाउन पुनः अपिल गरेको छ । उक्त संस्थाले यसअघि पनि विश्वकप २०२२ सुरु हुनु अगाडि कामदारलाई क्षतिपूर्ति दिलाउन फिफालाई दबाब दिएको थियो । ह्युमन राइट्सले विज्ञप्तिमार्फत हालै कतारमा सम्पन्न फिफा विश्वकप-२०२२ को आयोजना अगाडि गठन गरिएको कोषमार्फत कामदारलाई क्षतिपूर्ति दिने निर्णय भएको स्मरण गराउँदै कार्यान्वयन गर्न आग्रह गरेको छ ।

ह्युमन राइट्सको नयाँ अध्ययनले कतारमा विश्वकप फुटबल प्रतियोगिता हुनुपूर्व र प्रतियोगिताको दौरान आप्रवासी श्रमिकमाथि शोषण भएको तथा प्रतियोगिता समाप्त भएपछि पनि त्यो क्रम जारी रहेको उल्लेख गरेको छ । उक्त संस्थाले क्षतिपूर्ति उपलब्ध गराउन कतार सरकारको मात्र नभई फिफाको पनि उत्तिकै दायित्व रहेको बताएको छ । तसर्थ, शोषणमा परेका आप्रवासी कामदारहरू र कतारमा ज्यान गुमाएका श्रमिकका परिवारका सदस्यहरूलाई क्षतिपूर्ति दिन आग्रह गरिएको छ । ह्युमन राइट्स वाचले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'रामपुकार सहनीका बाबुको मृत्यु कतारमा मे २०२२ मा भएको थियो र सहनी परिवारले कुनै क्षतिपूर्ति पाएको छैन । रामपुकार अहिले रोजगारीको अन्य विकल्प नभएपछि पुनः वैदेशिक रोजगारीमा जाने योजनामा छन् ।'

> ह्युमन राइट्सको नयाँ अध्ययनले कतारमा विश्वकप फुटबल प्रतियोगिता हुनुपूर्व र प्रतियोगिताको दौरान आप्रवासी श्रमिकमाथि शोषण भएको तथा प्रतियोगिता समाप्त भएपछि पनि त्यो क्रम जारी रहेको उल्लेख गरेको छ ।

कतार विश्वकपबाट फिफाले अर्बौं रकम कमाए पनि शोषणमा परेका आप्रवासी श्रमिकहरूलाई क्षतिपूर्ति उपलब्ध नगराएको भन्दै ह्युमन राइट्सले तत्काल क्षतिपूर्ति उपलब्ध गराउन माग गरेको हो । 'विश्वकप फुटबल प्रतियोगितालाई कतारमा सम्भव बनाउन दिनरात खटेका आप्रवासी श्रमिकहरूले महिनौंको तलब नपाएको, जोखिमपूर्ण अवस्थामा काम गर्न बाध्य भएको र पत्ता नलागेका कारणबाट मृत्युवरण गर्नुपरेको छ,' ह्युमन राइट्स वाच, मध्यपूर्वका उपनिर्देशक मिचेल पेजले भनेका छन् ।

ह्युमन राइट्सले २०२२ को विश्वकपमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा संलग्न भारत, केन्या र नेपालका १६ आप्रवासी कामदारसँग कुरा गरेको जनाएको छ । उनीहरू नोभेम्बर २०२२ को विश्वकप अघि आफ्ना रोजगारदाताबाट दुर्व्यवहारको सामना गर्ने, कतारमा कामका अवसरहरूमा आएको सुस्तताले गर्दा प्रतिकूल असर परेका र विशेषगरी रोजगारीका लागि उच्च भर्ती शुल्क तिर्नेहरू समावेश गरिएको उल्लेख छ । ह्युमन राइट्सले कामदार हरूलाई उपलब्ध गराइएका कम्पनीका कागजातहरूको समीक्षा गर्दा उनीहरूलाई तिर्नुपर्ने सेवाको अन्त्य-अन्त्यको ठूलो रकम बाँकी रहेको जनाएको छ ।

'यति हुँदाहुँदै पनि कतारले रंगशाला निर्माणका लागि खटिने कामदारको चोटपटक वा मृत्यु वा ज्याला चोरीलाई पनि सम्बोधन गर्दैन । कतारी अधिकारीहरूले कोषको दायरा विस्तार गर्न र सबै योग्य पीडितहरूलाई पहुँचयोग्य बनाउन कुनै अर्थपूर्ण कदमहरू चालेका छैनन्,' ह्युमन राइट्सले भनेको छ ।

फिफा सम्मेलनको एजेण्डामा कामदारको क्षतिपूर्तिसहित मानव अधिकारसम्बन्धी जिम्मेवारीको पनि छलफल समावेश रहेको भन्दै उपनिर्देशक पेजले कतार विश्वकपको तयारी र वितरण गर्दा दुर्व्यवहारको सामना गर्ने आप्रवासी कामदार हरूलाई क्षतिपूर्ति दिन ढिला गर्न नहुने र फिफाले लामो समयदेखि रोकिएको कदम चाल्नु महत्त्वपूर्ण हुने बताए ।

त्यस्तै फिफाको ७३औं सम्मेलनको पूर्वसन्ध्यामा आठवटा ट्रेड युनियन महासंघहरूले फिफालाई पत्र पठाउँदै शोषणमा परेका आप्रवासी कामदारहरूलाई क्षतिपूर्ति उपलब्ध गराउन माग गरेका छन् ।

## वैदेशिक रोजगारीमा जाने युवालाई दुःख नदिनू

**काठमाडौं (प्रस)–** काठमाडौं- प्रधानमन्त्री पुष्पकमल दाहालले वैदेशिक रोजगारीमा जाने युवालाई अनावश्यक दुःख नदिन निर्देशन दिएका छन् । गृह मन्त्रालय मातहतको विकास समस्या समाधान समितिको बैठकलाई बिहीबार सम्बोधन गर्दै उनले वैदेशिक रोजगारीमा जाँदा युवाले अनेकौं समस्या भोग्नुपरेको गुनासो आएको भन्दै सो निर्देशन दिएका हुन् ।

'वैदेशिक रोजगारीमा जाने युवाले पासपोर्ट बनाउँदा, स्वास्थ्य परीक्षण गर्दा, अभिमुखीकरण तालिम लिँदादेखि अध्यागमनसम्म पाउने दुःख जटिल छ,' उनले भने, 'कानुन र विधिअनुसार हुने कुनै पनि काम नरोकियोस् । दुःख दिने, आलटाल गर्ने, ढिलासुस्ती गर्ने कामको अनुगमन र नियन्त्रण होस् ।'

सार्वजनिक सेवा प्रवाहको वर्तमान सरकारी शैलीलाई परिष्कृत र वैज्ञानिक बनाइ नागरिकता, राहदानी र राष्ट्रिय परिचयपत्र लिँदा नागरिकहरूले महसुस गरिरहेको झन्झट र ढिलासुस्तीको अन्त्य गर्न प्रभावकारी कदम चाल्न पनि प्रधानमन्त्री दाहालले निर्देशन दिए । अध्यागमन प्रशासनबाट प्रदत्त सेवाले देशको प्रथम मुहार प्रतिबिम्वित गर्ने हुँदा सो कार्यमा सक्षम उच्च नैतिक आचरणयुक्त जनशक्ति परिचालन गर्ने र विद्यमान विद्युतीय प्रणालीको स्तरोन्नति गरी पूर्ण प्रयोग गर्नुपर्नेमा उनले जोड दिए ।

## स्ववियु निर्वाचन
# सुरू भयो मौन अवधि

- निर्वाचनसम्बन्धी प्रचारप्रसार गर्न नपाइने
- तरल, धातुजन्य वस्तु, डिजिटल वस्तु र आगोजन्य वस्तु मतदान केन्द्रमा लैजान निषेध

काठमाडौं- त्रिभुवन विश्वविद्यालय (त्रिवि)का क्याम्पसमा हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनमा मौन अवधि सुरु भएको छ । स्ववियु निर्वाचन आचारसंहिताअनुसार बिहीबार राति १२ बजेदेखि मौन अवधि सुरु भएको हो ।

त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले उम्मेदवारले अब स्ववियु चुनावको प्रचारप्रसार गर्न नपाउने बताए । उनले निर्वाचन हुनुभन्दा ४८ घण्टा अगाडि प्रचारप्रसार बन्द गरिएको जानकारी दिए । रातिदेखि आचारसंहिता लाग्ने भएपछि बिहीबार सम्बन्धित क्याम्पसले उम्मेदवारको प्रचारप्रसारका लागि एउटा कार्यक्रम गरी परिचयात्मक कार्यक्रम राखेका थिए ।

यही चैत ५ गते हुने स्ववियु निर्वाचनका लागि पाँच दिनका लागि मात्र प्रचारप्रसारको समय छुट्याइएको थियो । निर्वाचनका लागि यही फागुन २७ गते उम्मेदवार मनोनयनपत्र दर्ता गरिएको थियो ।

स्ववियु निर्वाचन आचारसंहितामा प्रचारप्रसार गर्नका लागि रङरोगन र कुनै पनि प्रकारको पोस्टर टाँस्न नपाइने तथा निर्वाचनसम्बन्धी कुनै पनि तुल, फ्लेक्स र कुनै प्रकारको पोस्टर टाँस्न नपाइने उल्लेख गरिएको छ । उम्मेदवारले आफ्नो निर्वाचन घोषणापत्र र उम्मेदवारको नामावलीको एफोर साइजको एकै रङ भएको पर्चामात्र प्रचारप्रसार गर्न पाइने आचारसंहितामा उल्लेख गरिएको छ ।

अध्यक्ष, सचिव र कोषाध्यक्ष तथा ५० प्रतिशत सदस्य प्रत्यक्ष निर्वाचन प्रणाली र उपाध्यक्ष, सहसचिव र ५० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने छन् । स्ववियु निर्वाचनका लागि ६२ आंगिक र एक हजार ४० क्याम्पसमा एकै साथ यही चैत ५ गते बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म मतदान हुनेछ ।

**मतदान केन्द्र यी सामान लैजान प्रतिबन्ध**

त्रिभुवन विश्वविद्यालयले स्वविवु निर्वाचनको मतदान केन्द्रमा मोबाइलदेखि पानीका बोतल लैजान निधेष गरेको छ । निर्वाचनलाई भयरहित बनाउनका लागि त्रिविले मोबाइल, पानीका बोतल, जार तथा घरेलु हातहतियार मतदान केन्द्रमा लैजान प्रतिबन्ध लगाएको हो ।

स्वविवु निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समितिका सदस्यसचिव पशुपति अधिकारीले निर्वाचनलाई भयरहित बनाउनका लागि तरल, धातुजन्य वस्तु, डिजिटल वस्तु र आगोजन्य वस्तु मतदान केन्द्रमा लैजान निषेध गरिएको बताए । उनका अनुसार पानीका बोतल, पेट्रोल, डिजल, मादक पदार्थ, औषधिजन्य वस्तु, सिसाका बोत्तल, रङ, मसी लैजान निषेध गरिएको छ ।

यस्तै धातुजन्य वस्तुमा नङकट, धारिलो हतियार, भाला, खुकुरी, छुरी, चक्कु, डिजिटल वस्तुमा मोबाइल, क्यामरा, झोला, लौरो, हेल्मेट, छाता, चाबी, रेकर्डर, साइकल तथा मोटरसाइकलको चेनसमेत लैजान प्रतिबन्ध गरिएको छ । यस्तै लाइटर, सलाई, ग्यासजन्य वस्तु पनि लैजान प्रतिबन्ध गरिएको छ ।

उनले त्रिविअन्तर्गतका सबै क्याम्पसमा रहेका निर्वाचन समितिलाई प्रतिबन्धित वस्तु लैजान निषेध गर्न निर्देशनसमेत दिइसकेको जानकारी दिए । *रासस*

## नेपाल विश्वकप...

पृष्ठ १ बाट जारी

ओभरमा छ विकेट गुमाएर ३१० रन बनाएको थियो । युएईका लागि आसिफ खानले शतकीय इनिङ खेले । विष्फोटक ब्याटिङ गरेका उनले ४२ बलमा ११ छक्का र चार चौकासहित अविजित १०१ रन बनाए ।

यस्तै वृत्य अरविन्दले ९४ रनको अर्धशतकीय इनिङ खेल्दा कप्तान मुहमद वासिमले ६३ रन बनाए । त्यसैगरी रोहन मुस्तफा २०, सिपी रिजवान सात, आर्यन लाक्रा छ र आयन अफजल खान तीन रनमा आउट भए ।

नेपालका दीपेन्द्रसिंह ऐरीले दुई विकेट लिए । ललित राजवंशी, सन्दीप लामिछाने र सोमपाल कामीले समान एक-एक विकेट हात पारे ।

यस खेलमा नेपालका सन्दीप लामिछाने विश्व कीर्तिमानबाट एक विकेट टाढा रहे । उनी अहिलेसम्म कम खेलमा १०० विकेट लिने खेलाडीको सूचीमा एक कदमले पछि परेका छन् । उनले ४२ खेलमा ९९ विकेट बनाएका छन् भने अहिले कीर्तिमान रहेका अफगानिस्तानका रसिद खानले ४४ खेलमा १०० विकेट लिएका छन् । सन्दीपले बिहीबारको खेलमा एक विकेटमात्र लिएपछि उनी सो कीर्तिमान भंग गर्नबाट एक कदम पछि परेका हुन् । बिहीबारको खेलमा 'प्लेयर अफ द म्याच' युएईका आसिफ खान घोषित भए ।

लिगको अन्तिम खेलसँगै चार वर्षदेखि चलिरहेको लिगमा सहभागी सातवटै टिमले ३६/३६ खेल खेलेका छन् । लिगको शीर्षस्थानमा स्कटल्याण्डको ५० अंक रहेको छ भने दोस्रो स्थानमा रहेको ओमनको ४४ अंक रहेको छ । त्यस्तै ४० अंक जोडेर तेस्रो स्थानमा रहेको नेपालको ४० अंक रहँदै शीर्ष यी ३ टिम विश्वकप छनोटका लागि छानिएका हुन् । त्यसपछि चौथो नम्बरमा ३९ अंकसहित नामिबिया, अमेरिका ३५ अंकसहित पाँचौं स्थानमा रहँदा ३३ अंकसहित युएई छैटौं र पपुवान्युगिनी ११ अंकसहित अन्तिम स्थानमा रहेको छ ।

नेपाल र युएईबीचको खेल सुरु हुनुअघि प्रधानमन्त्री पुष्पकमल दाहाल पनि खेलमैदान पुगेर खेलाडीहरूलाई शुभकामना दिएका थिए । नेपालले खेल जितेपछि प्रधानमन्त्री दाहालले नेपाली खेलाडीहरूलाई बधाई दिएका थिए ।

चार वर्षदेखि जारी लिग २ को अन्त्यतिर उत्कृष्ट पुनरागमन गर्दै नेपालले पछिल्लो १२ खेलमध्ये ११ खेलमा जित हात पार्दै विश्वकप छनोट यात्राको तय गर्ने क्रममा युएईलाई पराजित गर्दै नामिबियालाई स्तब्ध बनायो । यदि नेपालले खेलमा पराजय भोगेको भए विश्वकप छनोटमा नामिबिया पुग्ने थियो । युएईमाथि प्राप्त जितसँगै नेपाल नामिबियालाई पछि पार्दै तालिकाको तेस्रो स्थानमा रहेर विश्वकप छनोटमा पुग्यो ।

विश्वकप लिग-२ का सहभागी सात टोलीमध्ये शीर्ष तीन टोली विश्वकप छनोटमा सोझै पुग्ने प्रावधान थियो । आगामी जुन १८ देखि जुलाई ९ तारिखसम्म जिम्बावेमा हुने विश्वकपको विश्वस्तरको छनोटमा १० टोली सहभागी हुने छन् । त्यहाँ आइसिसीका १२ पूर्ण सदस्य र नेदरल्यान्ड्सले खेलिरहेको सुपर लिगका अन्तिम पाँच टोली पनि रहने छन् ।

तीमध्ये नेदरल्यान्ड्स र जिम्बावेले विश्वकप छनोट खेल्ने पक्का भइसकेको छ । विश्वकप छनोटमा विश्वकप लिग-२ बाट नेपाल, ओमान र स्कटल्यान्ड पुगेका छन् । अब बाँकी दुई टोली भने विश्वकपको विश्वस्तरको छनोटका लागि हुने 'प्ले अफ'बाट टुंगो लाग्नेछ ।

प्ले अफमा विश्वकप लिग-२ का अन्तिम चार टोलीहरू नामिबिया, अमेरिका, युएई र पपुवान्युगिनी तथा च्यालेन्ज लिगका शीर्ष दुई टोली जर्सी र क्यानडा भिड्ने छन् । त्यहाँबाट दुई टोलीले विश्वकप छनोटमा स्थान बनाउने छन् । विश्वकप छनोटबाट भने केवल दुई टोली मात्र विश्वकपमा पुग्ने छन् ।

---

### प्रभु स्टील्स एण्ड हाईड्रो इक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेड

(साविकः गौतम स्टील इण्डस्ट्रिज प्रा.लि.नं. १९११०९/७४/०७५)

बीरगंज म.न.पा. ३२, पर्सा

**संग लिनु/दिनु पर्ने भए सम्पर्कमा आउने सम्बन्धी ३५ दिने सूचना**

प्रकाशित मितिः चैत्र ०३ , २०७९

यस प्रभु स्टील्स एण्ड हाईड्रो इक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेड (साविकः गौतम स्टील इण्डस्ट्रिज प्रा.लि.नं. १९११०९/७४/०७५) कम्पनी स्थापना देखी चैत्र ०२, २०७९ सम्म यस कम्पनी संग सरोकार रहेको कुनै शेयरधनी, संचालक, पूर्व कार्यकारीप्रमुख, व्यापारिक कारोवारमा संम्लग्न व्यक्ति, संस्था वा कुनै कम्पनीको लिनु पर्ने भए वा यस कम्पनीलाई तिर्नु बुझाउनु पर्ने कुनै हर हिसाव वा लेना/देना भएमा नेपालको प्रचलित कानून बमोजिम बैशाख ०७, २०८० भित्र यस कम्पनीको प्रधान कार्यालय वा शाखा कार्यालयमा सप्रमाण निवेदन दिनु हुन सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र आफ्नो लेना/देना सम्बन्धी दाबि नगरेमा प्रचलित कानून बमोजिम कम्पनीले कहीँ, कतै, कसैलाई पनि भुक्तानि वा जवाफ नदिने व्यहोरा समेत सूचित गरिन्छ ।

| सम्पर्क गर्ने व्यक्ति | कम्पनीको सम्पर्क कार्यालयहरु | संचालक समिति |
|---|---|---|
| दिल प्रसाद अधिकारी | बीरगंज म.न.पा. ३२, पर्सा | प्रभु स्टील्स एण्ड हाईड्रो इक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेड |
| (प्रमुख कार्यकारी अधिकृत) | काठमाडौं म.न.पा. ३२, तिनकुने | (साविकः गौतम स्टील इण्डस्ट्रिज प्रा.लि.नं.१९११०९/०७४/७५) |
| मोबाइल नं.-९८५११७२३९९ | Website:www.prabhusteel.com | फोन नं.-०१-५९१३७२८/५९१३७२९ |

---

### हिमालयन फाइबर्स एण्ड आउटडोर्स प्रा. लि. लाई खारेज गर्ने सम्बन्धमा लिक्विडेटरको सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौमा दर्ता नं. ११४८४९ रहेको हिमालयन फाइबर्स एण्ड आउटडोर्स प्रा.लि.को मिति २०७९।११।२७ गतेको विशेष साधारण सभाको बैठकले प्रस्ताव पारित गरि कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने निर्णय गरेकोले कम्पनी ऐन अन्तर्गत कम्पनीको खारेजी (लिक्विडेशन) प्रक्रिया शुरू गरिएको छ । कोही कसैको यस कम्पनीमा पाउनु पर्ने बाँकी बक्यौता भएमा सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र तल उल्लेखित लिक्विडेटरको कार्यालयमा प्रमाण सहित दावी गर्नुहोला । कम्पनी ऐन, २०६३ बमोजिम दायित्व र भुक्तान गर्न बाँकी रहेको जायजेथा कम्पनीका शेयरधनीहरूलाई बाँडिने हुँदा तोकिएको म्याद भित्र दावी गर्न नआए पछि कुनै किसिमको उजुर दावी नलाग्ने व्यहोरा सम्बन्धीत सबैलाई यसै सुचना मार्फत सुचित गरिन्छ ।

**लिक्विडेटरको कार्यालय**
**नामः ईश्वरी प्रसाद पौडेल, इजाजतपत्र नं ४११**
**ठेगानाः का.म.न.पा वडा नं.१०, बुद्धनगर, काठमाडौ**
**मो.नं. ९८५१०००५२०**

---

### कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस Himalayan Valley Nepal Pvt.Ltd. (ई.प.नं.१५२६/०७४/०७५)मा Soniya Rai, Ilam (Citizenship No. 03-01-77-03334) ले Documentation Officer पदमा यस प्रा. लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण उहाँले राजीनामा दिनु भएको हुनाले निज व्यक्तिसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**Himalayan Valley Nepal Pvt.Ltd.**
श्रम ईजाजत नं. १५२६/०७४/०७५
Gausala-9, Kathmandu, Nepal, Tel: +977-1-4110403, 4110453
E-mail : hvnepal75@gmail.com, hvnepal2019@gmail.com, Web: www.hvnepal.com

---


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HONSOAR JAYCROP CABINETRY SDN. BHD

पूर्व स्वीकृति मिति : २०७९/०५/१६ पुन विज्ञापन स्वीकृति मितिः२०७९/१२/०२ LT. No. 270670 चलानी नं. : ६०१८६५५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४४,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १० गते (24th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**
श्रम ईजाजत नं. ४५१/०६०/०६१
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4954342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : T K S CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति २०७८/१०/१४ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०२ LT No.257194 चलानी नं.६०१७३५९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 4 | 0 | 900 | ३२,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १० गते (24th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**INSPIRE INTERNATIONAL EMPLOYMENT PVT.LTD.**
श्रम ईजाजत नं. १३६३/०७४/०७५
Airport, Shambhu marg-4, Kathmandu,Nepal Phone:
(+977) 4112800, 4498248, Email: inspireintemp@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KHALID MOHAMMED BIN ABDULRAHMAN AL-HATHLOUL FAST FOOD RESTAURANT

पूर्व स्वीकृति मिति २०७९/१२/०२ LT. No.282851 चलानी नं. ६०१९८२१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 2 | 0 | 1000 | ३५,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १० गते (24th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sky Blue International Overseas Pvt.ltd.**
Govt. License 1462/074/075
Sinamangal, Kathmandu, Nepal,Phone : +977 1 4592660
skyblueintloverseas@gmail.com, www.skyblueintl.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HELIOUS SECURITY SERVICES SDN.BHD. शहरः Selangor

पूर्व स्वीकृति मिति : २०२३/०३/१६ LT. No. 282540 चलानी नं . ६०१९८१७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 0 | 1500 | ४४,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १० गते (24th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निः शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)**
श्रम ईजाजत नं. १२७५/०७४/७५
Sallaghari Marg, Bansbari, Kathmandu
Tel:-+977 4372262, 4375012, Email:-skypower.rec@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : EDEN FLAME SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/०२ LT No :282666 चलानी नं. ६०१९८१८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 60 | 0 | 1500 | ४४,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १० गते (24th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**TRANS WORLD Manpower CO.(P) Ltd.**
Govt. License 300/059/60
3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ Fax: 00977-1-4219236
Email: twmanpower@wlink.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QISHA SPA LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०७९/०९/०८ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०२ LT. No. 278125 चलानी नं.६०१९३७०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nail Art/hairdresser/manicurist/pedicurist/salon | 0 | 2 | 170 | ७३,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १० गते (24th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com


---

### सुपर घलेम्दी जलविद्युत आयोजनाको प्रारम्भिक वातावारणीय परिक्षण प्रतिवेदनको

**सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०७९/१२/03)**

सुपर घलेम्दी प्रा. लि. ले गण्डकी प्रदेश म्याग्दी जिल्लाको अन्नपूर्ण गाउँपालिका वडा नं. ४ भएर बग्ने घलेम्दी खोलाको पानी प्रयोग गरी ९.१४ मेगावाट क्षमताको सुपर घलेम्दी जलविद्युत आयोजना प्रस्ताव गरेको छ । रन अफ रिभर (RoR) किसिममा निर्माण गरिने उक्त आयोजनाले घलेम्दी खोलामा ५ मिटर अग्लो बाँध बाँधेर ५.५ घनमिटर प्रति सेकेण्ड पानीलाई डिस्यान्डरसम्म पुर्‍याइनेछ । त्यहाँबाट पानीलाई ३८२० मिटर लामो हेडरेस पाइप र १० मिटर लामो पेनस्टक पाइपको सहायतामा विद्युतगृहमा झारिनेछ । पानीलाई उत्पादनका लागि प्रयोग गरिसकेपछि भने १० मिटर लामो टेलरेसको माध्यमबाट पुनःघलेम्दी खोलामा नै खसालिनेछ । उत्पादित विजुलीलाई भने ५ कि.मि. लामो ३३ के.भी.प्रशारण लाइनमार्फत नेपाल विद्युत प्राधिकरणले निर्माण गरेको दाना सब-स्टेशनमा जोडिनेछ ।

वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची २ (नियम ३ सँग सम्बन्धित) को खण्ड च को २ (क) र खण्ड (क) को १२ अनुसार यस आयोजनाको प्रारम्भिक वातावारणीय परिक्षण गरिएको हो। यस प्रारम्भिक वातावारणीय परिक्षण प्रतिवेदन तयारीको सिलसिलामा वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ को नियम ६ बमोजिम प्रस्ताव कार्यान्वयन हुने स्थानमा सार्वजनिक सुनुवाई गर्नु पर्ने प्रावधान अनुरूप यो सुचना प्रकाशित गरिएको छ । यस सुचना मार्फत प्रस्तावित आयोजनाबाट प्रभावित हुने सम्बन्धित नगरपालिका तथा वडाहरू र सो वडाका सम्पूर्ण विद्यालय, स्वास्थ्य चौकी, सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिहरू, स्थानीय महानुभावहरू साथै अन्य सबै सरोकारवालाहरू लाई निम्न मिति, समय र स्थानमा उपस्थित भई यस आयोजनाको प्रारम्भिक वातावारणीय परिक्षण प्रतिवेदन उपर छलफलमा सहभागी भई अमुल्य राय-सुझावहरू दिनु हुन हार्दिक अनुरोध गरिन्छ ।

| आयोजना प्रभावित क्षेत्र सम्बन्धी विवरण | |
|---|---|
| प्रभावित प्रदेश | गण्डकी |
| प्रभावित जिल्ला | म्याग्दी |
| आयोजना निर्माण तथा सञ्चालनको क्रममा प्रभावित हुने गाउँपालिका र तिनका वडा | अन्नपूर्ण गाउँपालिका वडा नं.४ |

**सार्वजनिक सुनुवाई हुने मिति, स्थान र समय**

| | |
|---|---|
| मिति : २०७९/१२/१० गते, शुक्रबार<br>स्थान : अन्नपूर्ण यूवा क्लव भवन<br>अन्नपूर्ण गाउँपालिका वडा नं.४,<br>नारच्याङ्ग, म्याग्दी | समय : बिहानको १०:०० बजे |

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| प्रस्तावक<br>सुपर घलेम्दी प्रा. लि.<br>मध्य बानेश्वर, काठमाडौं, नेपाल<br>फोन नं.०१-५५२०४६५<br>E-mail: superghalemdihydropower@gmail.com | परामर्शदाता<br>रिसोर्सेस ल्याब प्रा.लि.<br>नयाँ बानेश्वर, काठमाडौँ<br>फोन नम्बर : ०१-५२४४३३३<br>E-mail: info@resourceslab.org |


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SADEEL MANUFACTURING COMPANY

पूर्व स्वीकृति मितिः २०७९/१२/०१ LT . No. 282769 चलानी नं. ६०१९८१७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sewing Machine Operator | 1 | 0 | 1800 | ६३,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Tailor | 3 | 0 | 1500 | ५२,६८० | | | | | | | |

कम्पनी : NASSER MOHAMMED AL HOUDI CONTRACTING EST

पूर्व स्वीकृति मितिः २०७९/१२/०१ LT . No. 282787 चलानी नं. ६०१९८१७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing And Wrapping Worker | 1 | 0 | 1200 | ४२,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १० गते (24th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**
श्रम ईजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, E-mail : info@princeies.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BEST FREST MART SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/०२ LT. No. 282700 चलानी नं.६०१९८१८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelf Filler | 22 | 0 | 1500 | ४४,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १० गते (24th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GREATER VISION OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. २८२/०५८/०५९
Gaushala KTM, Nepal, Tel: 01 4476016, Fax: +977-1-4469772



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CMF PLASTICS INDUSTRY SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/१२/०२ LT. No. 282645 चलानी नं. ६०१९८१८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 0 | 1500 | ४४,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १० गते (24th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nexus Human Resource Pvt. Ltd.**
Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787
Mbl N. 9843103248, 9841093498, 9840747493

## उपराष्ट्रपतिमा...

पृष्ठ १ बाट जारी

अवस्था आए पनि मतभार केही कम पाउने देखिएको छ । किनभने झालाई उनको दलसँगै अन्य दुई दल लोकतान्त्रिक समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीले समर्थन गरेका छन् । यी तीन दलको मतभार तीन हजार २६ छ । यसो हुनाले यादवले राष्ट्रपतिमा पौडेलले जति मत पाउने सम्भावना नभएको कांग्रेसका एक जना पदाधिकारीले बताए ।

उनले भने, 'दुई उम्मेदवार हुँदा स्वतः मतभार बाँडिन्छ । यो स्वाभाविक हो । कोसिसचाहिँ सर्वसम्मत एक उम्मेदवार बनाउने थियो, भएन ।'

यादव र झासँग निर्वाचनमा प्रतिस्पर्धा गर्ने शाक्यलाई भने उनको दल एमालेको मात्रै समर्थन छ । यसअघि राष्ट्रपति निर्वाचनमा पार्टी अध्यक्ष केपी शर्मा ओलीले विभिन्न दललाई पत्राचार गर्दै मत मागे पनि मत आएन । सोहीकारण यसपटक अध्यक्ष ओली र उम्मेदवार शाक्यले खुलेर मत मागेनन् । यसो हुँदा शाक्यलाई उनकै दलबाट मात्रै मत आउने देखिएको छ ।

प्रतिनिधिसभाको पाँचौं दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) तटस्थ बस्ने भएको छ । संवैधानिक राष्ट्रपतिको ठाउँमा राजा चाहिन्छ भन्दै आएको दल हुनाले उक्त दलले राष्ट्रपति र उपराष्ट्रपति निर्वाचन दुवै अघोषित ढंगले बहिष्कार गरेको हो ।

प्रतिनिधिसभाको चौथो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले उपराष्ट्रपति निर्वाचनमा कसलाई मत दिने भन्ने निर्णय गर्न आज बिहान ११ बजेका लागि पार्टी पदाधिकारी र संसदीय दलको बैठक बोलाएको छ । यसअघि यो दलले राष्ट्रपति निर्वाचनमा गठबन्धनका उम्मेदवार रामचन्द्र पौडेललाई मत दिएको थियो । नेपाल मजदुर किसान पार्टी पनि राप्रपाजसरी तटस्थ बस्ने भएको छ । हाम्रो नेपाली पार्टीले भने के गर्छ भन्ने प्रस्ट हुन सकेको छैन ।

यसरी केही दलको अस्प्टताबीच निर्वाचन आयोगले भने उपराष्ट्रपति निर्वाचनको तयारी पूरा भएको जनाएको छ । आयोगले विज्ञप्ति जारी गर्दै आज बिहान १० बजेदेखि ३ बजेसम्म मतदान हुने जानकारी दिएको छ । आयोगले आचारसंहिता पालना गर्न राजनीतिक दल र उम्मेदवार हरूलाई आग्रह गरेको छ ।

निर्वाचनमा संघीय संसद्अन्तर्गत प्रतिनिधिसभाका २७१ जनाले मतदान गर्न पाउने छन् । २७५ सदस्यीय प्रतिनिधिसभा भए पनि कांग्रेस सांसद रामचन्द्र पौडेल राष्ट्रपति निर्वाचित भए । कांग्रेसकै सांसद टेकबहादुर गुरुङ निलम्बित छन् । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद रवि लामिछाने पदमुक्त हुँदा जनता समाजवादी पार्टीकी सांसद सहनाज रहमानको निधन भयो ।

जसले गर्दा उपराष्ट्रपति निर्वाचनमा मतदान गर्ने सांसदको संख्या चार जना घटेर २७१ मा झरेको हो । यसमध्ये पनि कांग्रेस सांसद डा. चन्द्र भण्डारी भारतमा उपचाररत छन् । उनी मतदानमा आउनसक्ने अवस्था नरहेको कांग्रेसका एक नेताले बताए ।

संघीय संसद्को माथिल्लो सदन राष्ट्रिय सभामा ५९ जना सांसद छन् । देशभरका प्रदेश संसद्हरूका ५५० जना गरी कूल ८८० जना निर्वाचकमण्डल अर्थात् मतदाता छन् ।

संघीय संसद्को दुवै सदनका ३३० जना निर्वाचकमण्डलको मतभार २६ हजार ७० हुन्छ । प्रदेश संसद्का ५५० जना निर्वाचकमण्डलको २६ हजार ४०० हुन्छ । कूल मतभार ५२ हजार ४७० रहेको छ । यही मतभारमध्ये पहिलो चरणमै कम्तीमा २६ हजार २३५ मतभार प्राप्त उम्मेदवार उपराष्ट्रपति पदमा निर्वाचित हुने छन् ।

# श्रीपशुपति हिन्दू विश्वविद्यालय स्थापना गरिने

**काठमाडौं (प्रस)-** सरकारले हिन्दू धर्मको बृहत्तर खोज तथा अनुसन्धान गर्ने उद्देश्यले 'श्रीपशुपति हिन्दू विश्वविद्यालय' स्थापना गर्ने भएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (मन्त्रीस्तरको निर्णय)ले हिन्दू धर्मको खोज तथा अनुसन्धान गर्ने उद्देश्यले विश्वविद्यालय स्थापना गर्न लागेको हो ।

पर्यटनमन्त्री सुदन किराँतीले सो विश्वविद्यालयका माध्यमबाट हिन्दू धर्मसम्बन्धी विश्वभर विज्ञहरू उत्पादन गर्ने र सांस्कृतिक कूटनीतिक विकास गर्ने उद्देश्यले विश्वविद्यालयको अवधारणा अघि बढाइएको बताए । मन्त्रालयमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा उनले आधुनिक नेपालको सभ्यताको सुरुआत नेपालबाटै भएकाले यहाँको सभ्यता, सम्पदा, संस्कृति र दर्शनलाई पाशुपत दर्शनभित्र समेटिएको बताए । उनले भने, 'हिन्दू विश्वविद्यालय राष्ट्रको आवश्यकता हो, आधुनिक सभ्यताको सुरुआत नेपालबाटै भएको पाइन्छ, नेपाली धर्म संस्कृति, मूल्यमान्यतालाई देश तथा विदेशमाझ प्रवर्द्धन गर्न यो अभियालनले मद्दत पुग्नेछ ।'

मन्त्री किराँतीले विश्वविद्यालय स्थापनाबाट विश्वभर कूटनीतिक बौद्धिक व्यक्तित्व निर्माणका साथै सांस्कृतिक कूटनीतिको विकास हुने र यसले पर्यटनको विकास हुने विश्वास व्यक्त गरे ।

पर्यटन मन्त्रालयका सचिव सुरेश अधिकारीले 'ड्रिम प्रोजेक्ट'का रूपमा विश्वविद्यालय स्थापना गर्न लागिएको बताए । उनले हिन्दू धर्मबारे खोज तथा अध्ययन गरी बौद्धिक अध्यात्मक चिन्तनको संस्थागत विकास गर्ने लक्ष्यका साथ विश्वविद्यालय निर्माण गर्न लागिएको जानकारी दिए ।

उक्त विश्वविद्यालय स्थापनाबाट नेपाली संस्कृति र दर्शनलाई नेपाली माटोको सुगन्धसहित अध्ययन, अध्यापन हुनुका साथै शैक्षिक, धार्मिक तथा सांस्कृतिक पर्यटको प्रवर्द्धन गर्ने हुने विश्वास लिइएको छ ।

फागुन १५ को मन्त्रीस्तरीय निर्णयबाट पशुपति क्षेत्र परिसरमा सो विश्वविद्यालय स्थापनाको सम्भाव्यता अध्ययनसहित अवधारणापत्र तयार गर्न संस्कृतिविद् डा. जगमान गुरुङको संयोजकत्वमा समिति गठन गरिएको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JADDARAH RECRUITMENT COMPANY

पूर्व स्वीकृति मिति २०७८/०९/१९ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०२ | LT. No. 255473 | चलानी नं. ६०१७२०२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labor | 100 | 0 | 1000 | ३५,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १३ गते (27th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 280/058/059

**Cosmo International Overseas Pvt. Ltd.** (Overseas Employment Consultants)

P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal
Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : STAY WONDERFUL SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/१६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०२ | LT. No. 270699 | चलानी नं. ६०१८६८६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Washing And Cleaning | 100 | 0 | 1500 | ४४,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १० गते (24th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**DOTI OVERSEAS PVT. LTD.** Govt. License 1294/074/075

Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705
E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np



## मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOBILE MAIDS MANAGEMENT SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०७/२५ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०२ | LT. No.275315 | चलानी नं. ६०१९१०३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 22 | 0 | 1500 | ४४,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ARES CORPORATION FOR OPERATION AND MAINTENANCE

पूर्व स्वीकृति मिति २०७९/१०/२४ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०२ | LT. No.280657 | चलानी नं. ६०१९६१९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultural Worker | 1 | 0 | 1000 | ३५,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १० गते (24th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.** श्रम इजाजत नं. ७७७/०६५/०६६

Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MATRIX MEGATECH SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/०५ | पुन: विज्ञापन स्वीकृति मिति २०७९/१२/०२ | LT. No. 281196 | चलानी नं. ६०१९६८००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 10 | 0 | 1500 | ४४,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १० गते (24th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**

Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955
Mobile No.9840806449, 9823025516 E-mail : indigo.pukar@gmail.com,
indigo.recp@gmail.com, Website : www.ioplneoal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : METROD (MALAYSIA) SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०५/१४ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०२ | LT. No.270520 | चलानी नं. ६०१८६३६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Operator | 14 | 0 | 1500 | ४४,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : STRIKEFORCE SECURITY SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०६/२६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०२ | LT. No.273357 | चलानी नं. ६०१८९७१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 10 | 0 | 1500 | ४४,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १० गते (24th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ४७७/०६०/०६१

**Jupiter Overseas Concern Pvt. Ltd.**

Sinamangal-9, Kathmandu, Nepal. Tel : +977-1-4562605,4564178 Fax : +977-1-4462594
E-mail:info@jupiteremployment.com Web:www.jupiteremployment.com


# भावपूर्ण श्रद्धाञ्जली



जन्म
१९८८/०२/१५

स्वर्गारोहण
२०७९/११/२७

## स्व. लोक बहादुर नाम्जाली थापा मगर

हाम्रो हजुरबुबा **लोक बहादुर नाम्जाली थापा मगर**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको वैकुण्ठबासको कामना गर्दै हार्दिक श्रदाञ्जली अर्पण गदछौं । साथै यस दुःखद घडिमा हामीप्रति सद्भाव, सहानुभुति तथा समवेदना प्रकट गर्नुहुने सम्पूर्ण शोकसन्तप्त इस्टमित्र, आफन्तजन, शुभचिन्तकप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं ।

**हजुरआमा पम्फा नाम्जाली मगर**

**छोरा/बुहारीः**
नेत्र बहादुर/खुबीसरा नाम्जाली मगर
चुत्र बहादुर/ज्ञानमाया नाम्जाली मगर
तारा बहादुर/बिमला नाम्जाली मगर
मुक्तिश्वर/फुलमाया नाम्जाली मगर

**नातिहरुः**
सुमन, सुजन, मिलन, दिपन, अस्विन नाम्जाली मगर, प्रकाश आले मगर

**नातिनिहरुः**
मिना, दिपिका नाम्जाली मगर, विनिशा आले मगर,

**छोरी**
तुलमाया आले मगर

**नातिनी/नातिहरुः**
ममता/अमृत थापा मगर
रिमा/राजेन्द्र राना मगर
मोनिका/प्रशान्त सारु मगर
नगु/महेश थापा मगर

**पनाति/पनातिनीः**
अम्जुल, अम्रोन थापा मगर

तथा

**सम्पूर्ण नाम्जाली भुरुङ्ग मगर परिवार**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# बधाई नेपाली क्रिकेट टोली

१२ खेल, ११ मा जित । नेपाली राष्ट्रिय क्रिकेट टोलीले अपत्यारिलो लाग्ने यो सफलता हासिल गरेको हो । आइसिसी पुरुष क्रिकेट विश्वकप लिग–२ अन्तर्गत भएका पछिल्ला १२ खेल खेलेको नेपालले ११ मा जित हासिल गर्नु चानचुने कुरा होइन । यो जितसँगै नेपालले थप चार वर्षका लागि एकदिवसीय मान्यता सुरक्षित मात्रै राखेन, विश्वकप छनोटमा सोझै प्रवेश पाएको छ ।

गत आइतबार युनाइटेड अरब इमिरेट्स (युएई)लाई हराउँदै नेपालले एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता सुरक्षित गर्न सफल भएको थियो । बिहीबार पुनः युएईलाई नै हराएर नेपाल विश्वकप छनोटमा प्रवेश गरेको हो । बिहीबार लिगको अन्तिम खेलमा युनाइटेड अरब इमिरेट्स (युएई)लाई पराजित गरेको हो । तीन महिनापछि जिम्बाबेमा आयोजना हुने छनोटका लागि जित्नैपर्ने बाध्यताका साथ मैदानमा उत्रिएको नेपालले युएईलाई खराब प्रकाशको कारण ...डकवर्थ लुइस□ नियमका आधारमा नौ रनले हराएर उक्त यात्रा तय गरेको हो ।

नेपालले सन् २०१८ मा पहिलोपटक क्रिकेटमा एकदिवसीय मान्यता पाएको थियो । लिग–२ को शीर्ष पाँच स्थानसम्म कायमै रहने राष्ट्रलाई अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले एकदिवसीय मान्यता दिने प्रावधान छ । आइतबारको जितसँगै नेपाल सात राष्ट्र सम्मिलित लिग–२ को चौथौ स्थानमा उक्लेको थियो । त्यसपछिका दुई खेलमा लगातार नामिबिया र युएईलाई हराउँदै नेपाल तेस्रो स्थानमा उक्लियो । शीर्ष तीनमा रहने टोली विश्वकप छनोटमा परेका हुन् । नेपालभन्दा अघि स्कटल्याण्ड र ओमान छन् ।

लगातारको जित र घरेलु मैदानको फाइदा नेपाली टोलीले बिहीबार उठाउन सफल भएको छ । नेपाली क्रिकेट टोलीको पछिल्लो प्रदर्शन साँच्चिकै प्रशंसानीय छ । यसले नेपाली क्रिकेटको भविष्य उज्ज्वल देखाएको छ । तर, खेलाडीहरूमा देखिएको यो आत्मविश्वासलाई कायमै राख्न सक्नुपर्छ । यसका लागि सरोकारवाला निकाय र सरकारले ध्यान दिन जरुरी छ । क्रिकेटमार्फत विश्वमा नेपालको प्रतिनिधित्व गर्नु भनेको हाम्रो लागि गौरवको कुरा हो । त्यसैले खेलकुद क्षेत्रमा हुने अनावश्यक राजनीतिकरण बन्द गरी यस क्षेत्रलाई व्यावसायिक बनाउन जरुरी छ ।

यही महिना उमेर समूहमा पनि नेपालले सफलता हासिल गरेको थियो । युएईमा भएको प्रतियोगितामा सफलता हासिल गर्दै १९ वर्षमुनि उमेर समूहको टोली यू–१९ विश्वकपका लागि छनोट भएको थियो । नेपाल आठ वर्षपछि यू–१९ विश्वकपमा छनोट भएको केही साताभित्रै राष्ट्रिय टोलीले लगातार सफलता हासिल गर्दै नेपाली क्रिकेटप्रेमीहरूलाई खुसी बनाएको छ । तर, यो खुसीलाई कायमै राख्न नेपालले अझ धेरै मिहेनत गर्नुपर्ने पक्षलाई भुल्नु हुँदैन । आगामी यात्रा नेपालको लागि अझ चुनौतीपूर्ण रहेको तथ्यलाई मनन गर्दै तयारी गर्नु आवश्यक छ । उत्कृष्ट प्रदर्शन गर्दै विश्वकप छनोट चरणमा प्रवेश गरेकोमा नेपाली क्रिकेट टोलीलाई हार्दिक बधाई ।

## मननयोग्य

### विदुर नीति

अनेक गुण सम्पन्न विदुरले धृतराष्ट्रलाई नीतिगत उपदेश मात्र गरेनन् । उनले त कुरु राजघरानामा बेलाबखत देखापर्ने जटिल समस्याहरू समेतलाई समाधान गर्ने गरेका थिए । पाण्डुका पाँचवटै छोरा पाण्डु वन निवास गर्दै गरेको समयमा जन्मिएका थिए । त्यतिबेला सबैलाई थाहा थियो कि आपका (या रोगको कारणले) राजा पाण्डु सन्तान उत्पत्ति गराउन सक्षम छैनन् । यस्तो स्थितिमा जन्मेका पाण्डुपुरहरूलाई राजपरिवारको सदस्य, पाण्टुका सन्तान हुन् भनी स्वीकार गराउनलाई पनि ज्यादै सुझबुझ लगाउनुपर थियो । यस्तो अवस्थामा पनि पाण्डुपुत्रहरूलाई 'राजपुर पाण्डव' र दुर्योधनाधिलाई कौरव भन्ने स्वीकार गराउनमा पर्दाका पछाडि विदुरको महत्त्वपूर्ण भूमिका रह्यो । यति मात्र होइन, पाण्डुपुत्रहरूलाई परिश्रमी र लगनशी रूपमा तयार गराएर आर्यावर्तका सर्वश्रेष्ठ व्यक्ति हुन् भन्ने पनि सिद्ध छाडेका थिए ।

युधिष्ठिरलाई युवराज बनाउनमा पनि विदुरले महत्त्वपूर्ण भूमिका खेलेका थिए। जब वारणावतको लाक्षागृहमा कुन्तीसहित पाण्डुपुत्रहरूलाई हत्या गर्ने षड्यन्त्र गरियो त्यसबाट पाण्डवहरूलाई बचाउन विदुरले नै अहम् कार्य गर्नुपरेको थियो ।

द्रौपदीको स्वयम्बरपश्चात् विदुरले नै कुलवधू द्रौपदीसहित पाँच पाण्डव र कुन्तीलाई हस्तिनापुरमा आफ्नो साथ ल्याएका थिए । जब कि सबैले पाण्डवहरूलाई लाक्षागृहमा डढेर मरिसके भन्ने विश्वास गरेका थिए, यस्तो अवस्थामा पनि पाण्डवहरू जीवित नै छन् अनि जुन ब्राह्मण पुत्रले द्रौपदीको स्वयम्वरमा लक्ष्यवेध गर्यो ऊ नै अर्जुन हो र बाँकी पाँच भाइ पाण्डव हुन् भनी विश्वास दिलाउन विदुरलाई कति कठिन पर्यो होला सहजै अनुमान गर्न सकिने कुरा हो । त्यसमा पनि धृतराष्ट्र र भीष्मपितामहलाई (पत्यार) विश्वास दिलाउन झनै असजिलोसमेत परेको थियो । (क्रमशः)

# 'संघीयताको मर्मअनुसार प्रदेशलाई काम गर्न दिइएको छैन'

- पाँच वर्षमा सम्बन्धित प्रदेशमा कामकारबाही र नीतिगत निर्णय पर्याप्त मात्रामा भएका छन् । तर, नेपालमा संघीयतासम्बन्धी केन्द्रीकृत मानसिकताका कारण सकारात्मक धारणा बन्न सकेको छैन ।
- संघीयतामा जनताले प्रत्यक्षरूपमा बुझ्ने भनेको प्रदेश संरचना हो । तर, प्रदेश संरचनालाई त्यो ढंगले काम गर्न दिइएको छैन ।
- प्रदेश र स्थानीय तहलाई जोड्ने संयन्त्र कमजोर छ, त्यसलाई संविधान र कानुनअनुसार मजबुत बनाउन आवश्यक छ ।
- आर्थिकरूपमा संघले प्रदेश र स्थानीय तहको घाँटी निमोठ्ने काम संघीय ऐनमार्फत गरेको छ । संघले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा संशोधन गर्न आवश्यक छ ।



**हिक्मतकुमार कार्की**
**मुख्यमन्त्री कार्की, कोशी प्रदेश**

*कोशी प्रदेशका मुख्यमन्त्री **हिक्मतकुमार कार्की**ले केन्द्रीकृत मानसिकता र अनावश्यक आरोपका कारण प्रदेश सरकारको उपलब्धि छायाँमा परेको बताउँछन् । मुलुकले संघीयताको अभ्यास थालेको सात वर्षकै अवधिमा सन्तोषजनक भएको उनको दाबी छ । संघीय निजामती कानुन निर्माण र प्रदेश प्रहरी समायोजनसम्बन्धी विषयमा संघीय सरकारबाट छिटो निर्णय हुनुपर्नेमा उनले जोड दिए । प्रस्तुत छ संघीयताको अभ्यासमा प्रदेश सरकारको उपलब्धि र चुनौतीका विषयमा मुख्यमन्त्री कार्कीसँग* रासस*का समाचारदाता* नारायण न्यौपाने *र* सिर्जना राई*ले गरेको कुराकानी :*

**मुलुक तीन तहको सरकारसहित संघीयताको अभ्यासमा छ, यो सात वर्षको अवधिमा भएका अभ्यासलाई कसरी लिनुभएको छ ?**

संघीयताको अहिलेसम्मको अभ्यासलाई सन्तोषजनक नै मान्नुपर्छ । तर, संघीयताको पूर्णरूपमा कार्यान्वयन हुन भने सकेको छैन । जति छिटो काम हुनुपर्ने हो भएको छैन । अहिले संघीयतासम्बन्धी जे-जति संवैधानिक व्यवस्था छ, कार्यान्वयनका पक्षमा सबै काम हुन सकेको छैन । यद्यपि, पुरानो इतिहासलाई हेर्ने हो भने अहिले सन्तोषजनक नै मान्नुपर्छ ।

संघीयतामा जनताले प्रत्यक्षरूपमा बुझ्ने भनेको प्रदेश संरचना हो । तर, प्रदेश संरचनालाई त्यो ढंगले काम गर्न दिइएको छैन । निजामती ऐन, प्रहरी ऐन र शिक्षा ऐन बन्न नसक्दा प्रदेशलाई हस्तान्तरण हुनुपर्ने अधिकारहरू संकुचन भएका छन् ।

**विगतको प्रदेश सरकारको अभ्यासको पृष्ठभूमिमा अहिले तपाईंको आफ्नो पदीय जिम्मेवारीको मूल्यांकन कसरी गर्नुहुन्छ ?**

विगतमा प्रदेशसभा विल्कुल नयाँ अभ्यास थियो । त्यस समय हामीले जे-जति अभ्यास गरेको थियौं अनुमान र कतै भएका आधार हेरेर गरियो । अहिले हामीसँग पाँच वर्षको पर्याप्त अनुभव छ, अझ भनौं हामी अनुभवले समृद्ध बनेका छौं । आज हामीसँग एउटा मार्गदर्शक बनिसकेको छ । पाँच वर्षको अन्तरालमा कानुन निर्माण, सरकार सञ्चालन र प्रदेशसभामा विषयवस्तुलाई लैजाने अभ्यासमा पर्याप्त अनुभव बटुलेका छौं । त्यही अनुभवका आधारमा पनि हिजोभन्दा आज धेरै सहज र सफल हुने विश्वास छ ।

**प्रदेश संरचनाले हासिल गरेका उपलब्धिलाई कसरी हेर्नु भएको छ ? समस्या के-के देखिएका छन् ?**

संक्षिप्तमा हेर्दा पाँच वर्षमा सम्बन्धित प्रदेशमा कामकारबाही र नीतिगत निर्णय पर्याप्त मात्रामा भएका छन् । तर, नेपालमा संघीयतासम्बन्धी केन्द्रीकृत मानसिकताका कारण सकारात्मक धारणा बन्न सकेको छैन । संघीयतामा उल्लेखनीय उपलब्धि हासिल गर्न नसक्नुको धेरै समस्या चाहिँ प्रदेशका कारण भएको हो भन्ने आरोप छ । प्रदेश सरकार स्वयंले पनि यसलाई चिर्न सकेको छैन । विकासका पूर्वाधारमा विगतमा नभएका अथवा भनौं २५औं वर्षमा नभएका काम अहिले प्रदेश सरकारले गरेको छ । कोशी प्रदेशको उदाहरण दिने हो भने यस प्रदेशले विकास निर्माणमा तुलनात्मकरूपमा धेरै उचाइ प्राप्त गरेको छ ।

**प्रदेशमा विकास निर्माणले नयाँ उचाइ प्राप्त गरेको दाबी गरिरहँदा पूर्वाधार निर्माण र विकासमा प्रदेशमा पुँजीगत खर्चको अवस्था र समस्या कस्तो छ ?**

विगतका पाँच वर्षमा कोशी प्रदेशमा पुँजीगत खर्च ८० प्रतिशतसम्म पुगेको छ । तर, पुँजीगत खर्च बढ्दैमा सबै राम्रो भयो भन्नेमा म सहमत छैन । विकास निर्माणको एउटा गतिलो उदाहरण सडक निर्माण हो । कोशी प्रदेश सरकारका तर्फबाट चार वर्षको अन्तरालमा ८०० किलोमिटरभन्दा बढी बाटो कालोपत्र निर्माण गरेका छौं । विगतमा ५०० किलोमिटरसम्म कालोपत्र हुँदैन थियो । अहिले दुई हजार किलोमिटरभन्दा बढी सडक कालोपत्रे भएका छन् । सडकसँगै पुल र झोलुंगे पुल निर्माण भएका छन् ।

तर, स्थानीय तह, प्रदेश र संघको जिम्मेवारीबारे अन्योलताका कारण कतिपय कामको परिणाम देखिएन । तीनै तहका सरकारले एउटै ठाउँमा एउटै काम गरेका छन्, दोहोरोपनाका कारण परिणाम नदेखिएको हो । संघबाट यी तीन तहका सरकारको अधिकार क्षेत्रबारे स्पष्टता हुन सकेको छैन, त्यो हुन जरुरी छ ।

**धेरै समस्या र गुनासो तीन तहका सरकारबीचको समन्वय अभावका कारण उत्पन्न भएको देखिन्छ, त्यसमा पनि प्रदेशले स्थानीय तह र संघीय तहका सरकारबीच समन्वय गराउन कस्तो समस्या बेहोर्नुपर्‍यो ?**

स्थानीय तह अलग्गै तह हो । स्थानीय तहलाई प्रदेश सरकारसँग भरपनुपर्ने आवश्यकता हुँदैन । स्थानीय तह आफैंले बजेट र कानुन बनाउँछ । थप आवश्यक बजेटका लागि प्रदेशसँग जोडिने हो । तर, त्यसका लागि प्रदेश र स्थानीय तहलाई जोड्ने संयन्त्र कमजोर छ, त्यसलाई संविधान र कानुनअनुसार मजबुत बनाउन आवश्यक छ । अर्कोतर्फ प्रदेश सरकारलाई स्थानीय तहको कानुन निर्माण, कर्मचारी व्यवस्थापन र कतिपय आर्थिक कामको संयोजन गर्ने जिम्मेवारी पाएन । यी तीन विषयमा संयोजकको जिम्मेवारी प्रदेश सरकारलाई दिइनुपर्छ ।

**संघीय सरकारको तर्फबाट प्रदेश सरकारलाई सफल बनाउन तत्काल गरिदिनुपर्ने कानुनी तथा व्यवस्थापकीय र प्राविधिक पक्षहरू के-के हुन् ?**

प्रदेश सरकारलाई सफल बनाउन तीन वटा कानुन यथाशीघ्र बनाउनुपर्छ । पहिलो, संघीय प्रहरी ऐन बनाइदिएर प्रदेशले आफ्नो प्रहरी गठन गर्न पाउने अधिकार अविलम्ब दिनुपर्छ । दोस्रो, संघले निजामती ऐन बनाएर प्रदेशको निजामती ऐन बनाउने बाटो खुला गरिदिनुपर्छ । र, शिक्षाका विषयमा देखिएका अन्योलता र अस्पष्टता हटाउनका लागि शिक्षा ऐन तत्काल बनाउनुपर्छ । संघले शिक्षा नीतिको केन्द्रीय प्रारूप र नीति तयार गर्ने र सबै जिम्मेवारी प्रदेशलाई दिनुपर्छ ।

आर्थिकरूपमा संघले प्रदेश र स्थानीय तहको घाँटी निमोठ्ने काम संघीय ऐनमार्फत गरेको छ । संघले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा संशोधन गर्न आवश्यक छ । राजस्वको बाँडफाँटमा मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कको बाँडफाँटमा ७० प्रतिशत संघ र ३० प्रतिशत स्थानीय र प्रदेश सरकारलाई राखेको छ । यो सिद्धान्त र व्यावहारिकरूपमा गलत कुरा हो । यसमा संशोधन हुनुपर्छ । *रासस*

## पत्र–मञ्जुषा

# महानगरले किन हटाउन सकेन सुकुम्बासी बस्ती ?

काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह र महानगर प्रहरी प्रमुखलाई काठमाडौंबासीको प्रश्न, 'महानगरले सुकुम्बासी भनिएका हुकुम्बासीहरूलाई हटाउन नसकेकै हो ? बालेनको डोजर थन्किएकै हो ?'

थापाथली किनारमा वर्षौंदेखि सरकारी जग्गा हडपेर अनधिकृत संरचना बनाएर बसोबास गर्ने काम भइरहेको छ । ठूलठूला महल भएका, हात र गलामा टन्न सुन लगाएका, महँगा गाडी चढ्नेहरू त्यहाँ बस्छन् । सरकारलाई दबाब दिएर सो जग्गा आफ्नो नाममा ल्याउने यिनीहरूको योजना हो ।

विगतदेखि वर्तमानसम्म यही प्रवृत्ति देखिँदै आएको छ । छोराछोरी डाक्टर छन् तर म सुकुम्बासी हुँ भन्दै हिँडेका छन् । तिनलाई सरकारले के आधारमा सुकुम्बासी भन्ने ? सुकुम्बासी भनेर सरकारी जग्गा अतिक्रमण गर्न पाइँदैन । बालेन र महानगर प्रहरी प्रमुख पाण्डेले सुकुम्बासी हटाउन यसअघि कोसिस गरेका थिए । गत मंसिर १२ गते सुकुम्बासी बस्तीमा डोजर लिएर पुगेका उनीहरूले केही उपलब्धि हासिल गर्न सकेनन् । थापाथली किनार रणभूमिमा परिणत भएपछि त्यहाँबाट महानगर प्रहरीको टोली फर्कियो ।

तर, त्यसपछि सुकुम्बासी हटाउन कुनै पहल गरिएन, किन ? बालेन र प्रहरीको टोली सेलाउनुको कारण के ? कि त बालेनले राजनीतिक दलबाट आएको दबाब खेप्न नसकेको हुनुपर्छ । कि उनलाई पनि डरले सतायो । आफूलाई केही गरिहाल्ने पो हो कि भन्ने भयले उनी पछि हटेको हुनसक्ने अनुमान लगाउनेहरू पनि छन् । त्यति नै अप्ठेरो परेको हो भने बालेनले पत्रकार सम्मेलन गरेर आफ्नो मतदातालाई सूचित गराउनुपर्‍यो । मतदातासँग सुकुम्बासी हटाउन नसकेकोमा माफी माग्नुपर्‍यो ।

पदमा बसेपछि धम्की आइरहन्छन्, जुन स्वाभाविकै हो । काम गर्दा साथ दिने पनि आउँछन्, खुट्टा तान्ने पनि उत्तिकै हुन्छन् । भएका अप्ठेरा चिर्दै जनताको काम गर्ने मात्रै सच्चा राष्ट्रसेवक हुन् । बालेनसँग अब दुइटै मात्र उपाय छन् । कि त काठमाडौंबासीको सामु आत्मसमर्पण गर्नुपर्‍यो, कि डोजर लिएर सुकुम्बासी बस्तीमा पुग्नुपर्‍यो । प्रहरी प्रमुख पाण्डेले वाहवाह पाउने थुप्रै काम गरेका छन् । उनको धेरैजसो काम प्रशंसायोग्य छ । तर, अहिले आएर उनी पनि सेलाए ।

उनी सेलाउँदा सुकुम्बासी भनिएका हुकुम्बासीहरूको मनोबल बढेको छ । सरकारी जग्गा कब्जा गर्ने छुट कसैले पनि नभएकाले त्यो तत्काल भत्काइनुपर्छ । आज एउटा भोलि अर्को गर्दागर्दै यसले विकराल रूप लिन्छ । पाण्डे आफ्नो टोली लिएर सुकुम्बासी हटाउन जान ढिलो भइसकेको छ । जनताले तिरेको करबाट तलब खाने, जनताका लागि काम गर्छु भन्दै कसम खाने अनि राज्यको ऐनकानुन मिचेर सरकारी जग्गा कब्जा जमाएकाहरूलाई छुट दिने । खोइ त राष्ट्रका लागि काम गरेको ?

महानगरपालिकाले सुकुम्बासी हटाउनका लागि गृह मन्त्रालयसँग सुरक्षा माग गर्‍यो । गृहले साथ दिएन भन्दैमा आफ्नो काम नै छोडिदिने ? यो त भएन नि ! देशभरका जनताले साथ दिएका छन् । काठमाडौंबासी बालेनको पाइलासँग पाइला हिँडिरहेका छन् । अनि बालेन किन डराउने ? महानगर प्रहरीको टोली किन पछि हट्ने ? गर्न लागेको काम पूरा गरेर छाडौं । बीचमा छोड्दा उनीहरूको थप मनोबल बढ्छ ।

खोलाको छेउमा टहरा हालेर बस्दा काठमाडौंको सुन्दरतामा ह्रास आएको छ । उनीहरूको कारणले खोला फोहोर भएको छ । यो हेर्नलाई धेरै टाढा जानुपर्दैन । बाग्मती किनार गए छर्लंग देखिन्छ । सुकुम्बासीलाई हटाएर खोलाको छेउछाउ पार्क बनाउनुपर्छ । वृक्षरोपण गर्नुपर्छ । अनि काठमाडौं सुन्दर देखिन्छ । मान्छेहरूलाई आराम गर्ने ठाउँको व्यवस्थापन पनि हुन्छ । तर, मेयर नै पछि हटेपछि कसको के लाग्छ ? बालेन सुकुम्बासीदेखि डराइहाल्छन्, महानगर प्रहरीको टोली त्यहाँ जाने आँट नै राख्दैन । महानगरले तत्काल काम अघि बढाउनुपर्‍यो । अझै पनि गृहको मुख ताकेर बस्यो भने सुकुम्बासी हटाउन सकिँदैन । गृहले काम गर्ने भएको भए बालेन किन चाहियो ? गृहले सुरक्षा दिनुपर्ने भए महानगर प्रहरीले किन जागिर खाएको ? गृहलाई देखाएर जनताको आँखामा छारो हाल्न पाइँदैन ।

*- अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# चैत ८ मा विश्वासको मत लिँदै मुख्यमन्त्री जम्मकट्टेल



**हेटौँडा (प्रस)-** बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले यही चैत ८ मा विश्वासको मत लिने भएका छन् । विश्वासको मत लिने प्रयोजनका लागि प्रदेशसभा सचिवालयले उक्त दिन दिउँसो ३ बजेका लागि बैठक बोलाएको प्रदेशसभा सचिवालयका प्रमुख सचिव कृष्णहरि खड्काले जानकारी दिए ।

केही हप्ताअघि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले सरकारमा सहभागी आफ्ना तीन जना मन्त्रीलाई फिर्ता बोलाउने र सरकारलाई दिएको समर्थन लिने निर्णय गरेको थियो । त्यसपछि वर्तमान सरकार अल्पमतमा परेको थियो ।

गत पुस २६ मा बागमती मन्त्रिपरिषद् गठन हुँदा नेकपा एमाले, नेकपा माओवादी केन्द्र र राप्रपाको संयुक्त गठबन्धन बनेको थियो । बागमती प्रदेश सरकारको वर्तमान मन्त्रिपरिषद्मा माओवादी केन्द्र र एमालेका मात्रै मन्त्री छन् ।

# भाषा संरक्षणका लागि 'मगर खाम भाषा'मा पाठ्यक्रम

**ढोरपाटन-** निसीखोला गाउँपालिकाले यहाँ बोलिने 'मगर खाम भाषा'मा पाठ्यक्रम बनाएको छ । नयाँ पाठ्यक्रम यस वर्षदेखि कक्षा एकदेखि आठसम्म लागू गर्ने गाउँपालिकाका शिक्षा शाखा प्रमुख जयराज पुनले जानकारी दिए ।

उनका अनुसार अघिल्लो वर्ष नै पाठ्यक्रम निर्माण गरिएको थियो । तर, यहाँ बोलिने मगर खाम भाषा समावेश नहुँदा पाठ्यक्रम कार्यान्वयन गर्न नसकिएको हो । निसीखोला-५ र ६ मा बसोबास गर्ने स्थानीय 'मगर खाम भाषा' बोल्ने गर्छन् । अन्य वडामा भने यो भाषा प्रयोग हुँदैन ।

गाउँपालिकाले नेपाली र मगर खाम भाषा दुवैमा पाठ्यक्रम निर्माण गरेर पाठ्यपुस्तक तयार गर्ने उनको भनाइ छ । मगर खाम भाषाको पाठ्यपुस्तक दुईबाहेक अन्य वडामा ऐच्छिक विषयका रूपमा राखिनेछ । आगामी शैक्षिक सत्र २०८० देखि कक्षा १ मा दुवै भाषाका पाठ्यपुस्तक पढाइ हुने शिक्षा शाखा प्रमुख पुनले बताए ।

आगामी शैक्षिक सत्रदेखि पाठ्यक्रम लागू भए पनि पाठ्यपुस्तक क्रमशः छपाइ गर्ने र लागू गर्ने उनको भनाइ छ । पाठ्यपुस्तकमा स्थानीय कृषि, परम्परागत व्यापार व्यवसाय, स्थानीय प्रविधिमा आधारित उद्योग व्यवसाय, खाना, खेल, संघसंस्था, समाज, बाजागाजा नाच, चाडपर्व र रीतिरिवाज, स्थानीय जातजाति, वेषभूषा तथा संस्कृति, धार्मिक ऐतिहासिक र पर्यटकीयस्थल र प्रकोप र विपद् व्यवस्थापन लगायतका विषय समावेश हुने उनले जानकारी दिए ।

'पाठ्यक्रम पोहोर सालमै निर्माण गरेर सकिएको थियो, तर मगर खाम भाषाकै कारण लागू गर्न ढिलाइ भएको हो, नेपाली भाषाको मात्रै हुन्थ्यो भने गत वर्ष नै लागू हुन्थ्यो,' प्रमुख पुनले भने, 'यस वर्ष विषय विज्ञहरूको टिम बनेको छ, अब छिट्टै कक्षा १ देखि पाठ्यपुस्तक पठनपाठन गराउनेगरी काम भएको छ ।'

यस वर्ष पाठ्यपुस्तकका लागि गाउँपालिकाले १० लाख रूपैयाँ विनियोजन गरेको छ । पछिल्लो समय मातृभाषा लोप हुन थालेपछि पाठ्यक्रममै समावेश गर्न लागेको गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्ती मगरले बताए । निसीखोलाको सीमित ठाउँमा मात्रै मगर खाम भाषा बोलिने हुँदा भाषा संरक्षणमा चुनौती थपिएको अध्यक्ष घर्ती मगर बताउँछन् ।

उनी भन्छन्, 'बालबालिकादेखि युवा बजारमा बस्ने, बजारमै पढ्न थाले गाउँमा पढ्ने पनि नेपाली भाषामै पढ्छन्, त्यसले गर्दा यहाँको भाषा संकटमा पर्ने जोखिम बढेपछि संरक्षणका लागि हामी जुटेका छौं, स्कुल पाठ्यक्रममै समावेश भएर पढाइ भयो भने भाषा लोप भएर जाँदैन ।'

बागलुङमा अघिल्लो वर्षदेखि नै स्थानीय पाठ्यक्रम निर्माण गरी पठनपाठन सुरु भएको छ । सबैभन्दा पहिले तमानखोला गाउँपालिकाले पाठ्यक्रम निर्माण गर्नुका साथै पाठ्यपुस्तक बनाएर पठनपाठन सुरु गरेको हो । तमानखोलासँगै ताराखोला र बरेङ गाउँपालिकाले पनि पाठ्यक्रम बनाएर लागेका छन् ।

तमानखोला गाउँपालिकाले 'मेरो तमानखोला' नामक पाठ्यक्रम बनाएर कक्षा १ देखि ३ सम्म पढाउन थालेको हो । आगामी वर्ष कक्षा ५ सम्मको पाठ्यक्रम लागू गर्ने तयारी भएको गाउँपालिकाले जनाएको छ । ताराखोला गाउँपालिकाले पनि गत शैक्षिक सत्रबाटै पाठ्यक्रम बनाएर पढाउन थालेको हो ।

बरेङ गाउँपालिकले पनि यही शैक्षिक सत्रदेखि पाठ्यक्रम लागू गरेको छ । बरेङले पहिलो चरणमै कक्षा १ देखि ३ सम्मको 'हाम्रो बरेङ' पाठ्यक्रम बनाएर पढाउन थालिसकेको शिक्षा अधिकारी सूर्यप्रसाद शर्माले जानकारी दिए । गाउँपालिकाले स्थानीय चाडपर्व, कला, संस्कृति र पालिकाको परिचयलाई पाठ्यक्रममा समावेश गरिएको उनको भनाइ छ ।

बडिगाड गाउँपालिकाले पनि यही वर्षदेखि कक्षा १ को पाठ्यपुस्तक निर्माण गरी पठनपाठन थालेको गाउँपालिकाका शिक्षा शाखा प्रमुख पूर्णबहादुर घर्तीले जानकारी दिए । उनले यस वर्ष कक्षा १-३ पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याएको भन्दै अगामी वर्षदेखि माथिल्लो तहका पाठ्यपुस्ता निर्माण गरी पठनपाठन सुरु गरेको बताए ।

बागलुङ नगरपालिकाले भने कक्षा १-८ को पाठ्यक्रम निर्माण गरे पनि पाठ्यपुस्तक बनाएर पठनपाठन गर्न सकेको छैन । *रासस*


**प्रभु स्टील्स एण्ड हाईड्रो इक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेड**
बीरगंज म.न.पा. ३२, पर्साको

**शिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मितिः चैत्र ०३, २०७९)

यस लिमिटेड द्वारा मितिः फाल्गुण १२, २०७९ गतेका दिन प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित यस कम्पनी (साविकः गौतम स्टील इण्डस्ट्रिज प्रा.लि.नं. १९११०९/७४/०७५) को DDA गर्न सो सम्बन्धी सेवा खरिद गर्ने सुचनाको आधारमा कम्पनीलाई प्राप्त शिलबन्दी बोलपत्रहरु मध्ये सारभूत रूपमा प्रभावग्राही तपसिलमा उल्लेखित न्यूनतम रकम मूल्याङ्कित बोलपत्र दाताको बोलपत्र छनौट गर्ने निर्णय भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ उक्त बोलपत्रसंग सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यसै सूचनालाई आधारमानी स्वीकृत बोलपत्र दाताले सम्झौता गर्न ७ दिन भित्र कम्पनीमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

| क्रम संख्या | तपसिल | कार्यको प्रकृति |
|---|---|---|
| १. | TP Adhikari & Associates | कम्पनीको DDA गर्न स्वीकृत |
| २. | K.J. & Associates | कम्पनीको DDA गर्न वैकल्पिक |
| ३. | K.A.S. & Associates | कम्पनीको DDA गर्न वैकल्पिक |



## Malaysia/Croatia मा वैदेशिक रोजगारको अवसर

कम्पनी : F&N DAIRIES MANUFACTURING SDN. BHD.
पूर्व स्वीकृति मिति २०७९/०७/०४ पुन विज्ञापन स्वीकृति मिति:२०७९/१२/०२ LT No : 273542 चलानी नं ६०१८९८५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 124 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५०० कामदार आफैले सेवा शुल्क: निःशुल्क

कम्पनी : SKILLED LADOR DOO
पूर्व स्वीकृति मिति : २०७९/०२/२० पुन विज्ञापन स्वीकृति मिति:२०७९/१२/०२ LT No : 264198 चलानी नं. ६०१८०४०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब EURO | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Argiculture Workers | 10 | 0 | 500 | ६६,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Factory Workers | 20 | 10 | 550 | ७२,९९५ | | | | | | | |
| 3 | Electrician | 5 | 0 | 700 | ९२,९०५ | | | | | | | |
| 4 | Mason | 5 | 0 | 700 | ९२,९०५ | | | | | | | |
| 5 | Steel Fixer | 10 | 0 | 700 | ९२,९०५ | | | | | | | |
| 6 | House keeping | 10 | 10 | 550 | ७२,९९५ | | | | | | | |
| 7 | Butcher | 10 | 0 | 550 | ७२,९९५ | | | | | | | |
| 8 | Warehouse Worker | 20 | 10 | 550 | ७२,९९५ | | | | | | | |
| 9 | Cook | 10 | 5 | 650 | ८६ ,२७० | | | | | | | |
| 10 | Tile Masons | 5 | 0 | 700 | ९२,९०५ | | | | | | | |
| 11 | Painters | 10 | 0 | 650 | ८६,२७० | | | | | | | |
| 12 | Shuttering Carpenter | 10 | 0 | 700 | ९२,९९५ | | | | | | | |
| 13 | Sewing Worker | 5 | 5 | 550 | ७२,९९५ | | | | | | | |
| 14 | General Worker For Contruction | 10 | 0 | 550 | ७२,९९५ | | | | | | | |
| 15 | Welders | 5 | 0 | 800 | १,०६,१७० | | | | | | | |
| 16 | Waiters | 5 | 5 | 550 | ७२,९९५ | | | | | | | |
| 17 | Stone Mason | 5 | 0 | 700 | ९२,९९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १० गते (24th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५०० कामदार आफैले सेवा शुल्क: ७०,०००/-

